**BMC Research Journal**
**ISSN**: 2795- 1731,
Peer-reviewed Multidisciplinary
Open Access Journal
Indexed in Journal

**Birendra Bidhya Mandir Campus**
Tikapur, Kailali, Nepal
Url:www.birendracampus.edu.np

Research Article

# यात्री कवितामा मानवतावाद

**प्रेमप्रसाद तिवारी, पि.एचडी.**
उपप्राध्यापक
बुटवल बहुमुखी क्याम्पस, त्रि.वि.

---

Published by: Research Management Cell, BMC, Tikapur, Kailali, Nepal
Publication: June 2025, Volume: 4, BMC Research Journal
Corresponding author: Prem Prasad Tiwari, tiwari.prem828@gmail.com

Orcid: https://orcid.org/0009-0007-4433-7501

Copy right@ The Author (s). The publisher may reuse the article(s) as per the prior permission of the concerned author(s).

DOI: 10.3126/bmcrj.v4i1.80169

---

## लेखसार

प्रस्तुत लेखमा लक्ष्मीप्रसाद देवकोटाको 'यात्री' कवितालाई मानवतावादी सिद्धान्तका आधारमा विश्लेषण गरिएको छ । यस लेखमा प्राथमिक र द्वितीयक दुवै स्रोतका सामग्रीको उपयोग गरिएको छ । प्राथमिक स्रोतका रूपमा देवकोटाको 'यात्री' कविता रहेको छ भने मानवतावादको सिद्धान्त निर्माण तथा 'यात्री' कविताका बारेमा गरिएका समीक्षा वा टीकाटिप्पणी द्वितीयक स्रोतका सामग्री बनेका छन् । यी दुवै प्रकृतिका सामग्रीको सङ्कलन पुस्तकालय कार्यका माध्यमबाट गरिएको छ । सङ्कलित सामग्रीको विश्लेषण मानवतावादी सिद्धान्तका आधारमा गरिएको छ । यस लेखमा कसैको काँधमा चढेर मन्दिर दर्शनका लागि जाँदै गरेको व्यक्तिलाई लक्षित गरी देवत्वको प्राप्ति मन्दिरमा नभई मानवसेवामा हुन्छ भन्ने विषय कुरा बुझाउने सन्दर्भमा कविताका पङ्क्ति आएका छन् भन्ने कुरा उल्लेख गरिएको छ । निःस्वार्थ मानवसेवाबाट नै ईश्वर प्रसन्न हुने भएकाले सबै दुःखीगरिबको सेवामा समर्पित हुनका लागि आम मानव समुदायलाई आह्वान गरिएकाले यस कविताको मूल प्रतिपद्य विषयका रूपमा मानवतावादी चिन्तन नै आएको छ भन्ने कुरा यस लेखमा उल्लेख गरिएको छ । पवित्र भावनाबाट प्रेरित भई गरिएको मानवसेवाबाट प्राप्त हुने सन्तुष्टि अरू कुनै कार्यबाट

पाउन सकिँदैन र ईश्वरको स्वरूप भनेकै उदार मानवतावादी चिन्तन हो भन्दै सेवा, सहयोग, उपकार तथा दीनदुःखीका पीडालाई आत्मीकरण गरेर उनीहरूको आत्मा हँसाउने काममा नै सच्चा देवत्वको निवास हुने मूल विचार कवितामा आएको छ भन्ने निष्कर्ष यस लेखमा निकालिएको छ । दिनानुदिन मानवताविहीन बन्दै गएको मानवसमाजलाई मानवताले भरिपूर्ण मानव शरीर नै पवित्र मन्दिर हो र सच्चा मानवसेवामा नै देवत्व रहने विषय 'यात्री' कविताको मूल विचार हो भन्ने विषय व्यक्त गर्नु नै यस लेखको प्राप्ति हो ।

**मुख्य शब्दावली** : अन्तरात्मा, दुःखीगरिब, देवत्व, निवास, मानवसेवा ।

## अध्ययनको पृष्ठभूमि

लक्ष्मीप्रसाद देवकोटा (१९६६ –२०१६) नेपाली साहित्यका बहुआयामिक प्रतिभा हुन् । *पुतली भाग* १ र २ (२००९), *भिखारी* (२०१०), *जन्मोत्सव र मुटुका थोपा* (२०१५), *छहरा* (द्वितीय खण्ड २०१६), *मृत्यु शैय्याबाट* (२०१६), *चिल्ला पातहरू* (२०२१), *मनोरञ्जन* (२०२४), *भावना गाङ्गेय* (२०२४), *गाइने गीत* (२०२४), *आकाश बोल्छ* (२०२५), *छाँगासँग कुरा* (२०२६), *लक्ष्मी कवितासङ्ग्रह* (२०३३), *लक्ष्मी गीतिसङ्ग्रह* (२०४०) आदि कविता तथा गीतका कृति प्रकाशन गरेका उनले वभिन्न खण्डकाव्य, महाकाव्य तथा निबन्ध सङ्ग्रहको रचना गरेका छन् । दस वर्षकै उमेरबाट कविता लेख्न थाले पनि १९९१ सालमा 'गरिब' र 'पूर्णिमाको जलधि' दुईओटा कविता प्रकाशित गरेर आफ्नो कविता यात्रा सुरु गरेका उनले आधुनिक नेपाली कवितामा स्वच्छन्दतावादी धाराको प्रवर्तन गरी त्यसलाई विकसित र विस्तारित गर्ने कार्य गरेका छन् । २००४ सालपछि स्वच्छन्दतावादी धाराभित्रै प्रगतिवादी धारालाई समाहित गरेर स्वच्छन्दतावादी प्रगतिवादी धाराको विकास गर्ने श्रेय पनि उनलाई नै जान्छ । उनका कवितामा नेपालको सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक, प्रकृति, धर्मसंस्कृति, क्रान्ति, ईश्वरी चिन्तन, मानवता, देशप्रेम जस्ता कुराहरू विषयवस्तुका रूपमा आएका छन् । उनका कविताको मूल प्रवृत्ति स्वच्छन्दतावादी द्रुततर आशुलेखन हो । मानवताका पुजारी देवकोटाका कवितामा मानवतावादी चेत पाइन्छ भने प्रकृतिप्रेमी देवकोटाका कवितामा प्रकृतिका विविध रूपको चित्रणका साथै प्रकृतिको मानवीकरण पनि भेटिन्छ । भावनामा रमाउन चाहने उनका कवितामा हार्दिकता पाइन्छ । मानिसलाई मानिसको नजरबाट हेरेर मानिसकै व्यवहार गर्ने प्रवृत्तिलाई मानवतावाद भनिन्छ । विशेषगरी स्वच्छन्दतावादी लेखनमा मानवतावादी चिन्तन प्रस्तुत भएको पाइन्छ । मानिसको मूल्यको खोजी नै मानवतावादको मुख्य अभीष्ट हो । यही मानवतावादी अवधारणाका आधारमा लक्ष्मीप्रसाद देवकोटाको 'यात्री' कविताको विश्लेषण गर्नु यस लेखको प्राज्ञिक समस्या रहेको छ भने कवितामा प्रकट भएको मानवतावादी चिन्तन प्रस्तुत गर्नु

उद्देश्य रहेको छ । नित्यराज पाण्डेको *महाकवि देवकोटा* (२०१७), मोहनराज शर्माको *नेपालीका केही आधुनिक साहित्यकार* (२०४०), हीरामणि शर्माको *समालोचनाको बाटोमा* (२०४१), कुमारबहादुर जोशीको *देवकोटाका प्रमुख कविताकृतिको कालक्रमिक विवेचना* (२०४८), चूडामणि बन्धुको *देवकोटा* (२०५८), नेत्रप्रसाद न्यौपानेको *देवकोटाका काव्यकृतिमा मानवतावाद* (२०६७) जस्ता समालोचनात्मक कृतिमा देवकोटाका कविताकृतिका बारेमा समीक्षा गरिएको छ । नेत्रप्रसाद न्यौपानेको *देवकोटाका काव्यकृतिमा मानवतावाद* (२०६७) नामक कृतिमा मानवतावादमा आधारित अध्ययन पनि भएको छ तर 'यात्री' कवितालाई मानवतावादी सिद्धान्तका आधारमा विश्लेषण गरिएको छैन । त्यसैले यस अध्ययनमा 'यात्री' कवितालाई मानवतावादका प्रमुख पक्ष मानव शरीरलाई मन्दिर मान्ने, मानिसको मनमा देवताको निवास हुने, मानव र प्रकृतिको सम्बन्ध रहने तथा मानवसेवाको भावना हनुपर्ने जस्ता आधारमा विश्लेषण गरिएको छ । 'यात्री' कवितामा अभिव्यक्त मानवतावादी चिन्तनलाई स्पष्ट पार्ने किसिमको अध्ययनको अभाव रहेको परिप्रेक्ष्यमा यो अनुसन्धान कार्य अगाडि बढाइएकाले यसको महत्त्व र औचित्य स्पष्ट हुन्छ ।

## अध्ययन विधि

गुणात्मक प्रकृतिको प्रस्तुत अध्ययन सोद्देश्यमूलक छनोटसँग सम्बन्धित रहेको छ । यो अध्ययन पुस्तकालयीय कार्यमा आधारित छ । यस अध्ययनमा प्राथमिक स्रोतको सामग्री देवकोटाको भिखारी (२०६०) कवितासङ्ग्रहमा सङ्कलित 'यात्री' कविता हो भने द्वितीयक स्रोतका सामग्री विभिन्न सन्दर्भपुस्तक, जर्नल, अनुसन्धानमूलक लेख, पत्रपत्रिकाबाट लिइएका देवकोटा वा मानवतावादी चिन्तनसँग जोडिएका सूचना हुन् । 'यात्री' कविताको विश्लेषणका लागि मूलतः मानवतावादको सिद्धान्त उपयोग गरिएको छ । यस अध्ययनमा विशेष गरी सामग्री विश्लेषण लागि निगमनात्मक तथा आगमनात्मक पद्धतिको उपयोग गरेर व्याख्या र विश्लेषणका आधारमा पाठविश्लेषण गरी अर्थापन गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

'मानव' शब्दको निर्माण 'मनु' मूलमा अण् प्रत्यय जोडिएर हुन्छ । मनुलाई मानव सृष्टिका प्रारम्भकर्ता मानिएको छ । सृष्टिकर्ता ब्रह्माका मानसपुत्र मनुलाई मनुष्यका मूल पुरुषका रूपमा चिनिन्छ (आप्टे, सन् १९९९, पृ. ७९४) । मानिसको हकअधिकारका विषयमा आवाज उठाउने विचार वा दृष्टिकोणलाई मानवतावाद भनिन्छ । मनुका सन्तानलाई मानव भनिन्छ र त्यही मानवसँग सम्बन्धित गुण वा विशेषता नै मानवतावाद हो । मानव हुनुको भाव वा विशेषतालाई नै मानवता

भनिएको पाइन्छ । मानवताले मानिसको प्रकृति, मानिसको प्रतिष्ठा तथा मानिस मानिसका बिचमा हुने व्यवहारलाई बुझाउँछ । मानिसले मानिसलाई राम्रो व्यवहार गर्ने, मानवीय व्यवहार गर्ने तथा मानिसको आदर्श, प्रतिष्ठा र प्रकृतिमा विश्वास गर्ने दर्शन नै मानवतावाद हो । मानवतावादले मानवीय मूल्यलाई उच्च महत्त्व दिँदै मानवहितलाई सर्वोपरि ठान्छ । मानवतावाद परम्परागत धर्म र ईश्वरको अलौकिक अस्तित्वतिरभन्दा दुःखी मानव आत्माको क्रन्दनमा ईश्वरीय वाणी सुन्छ र दीनदुःखीहरूको सेवालाई नै मानव धर्म मान्छ (सिंह, सन् १९९४, पृ. ३६५) । मानिसले मानिसलाई मानिसकै व्यवहार गर्नुपर्छ भन्ने मूल दर्शनको जगमा मानवतावाद उभिएको हुन्छ । मानिसको प्रकृति, प्रवृत्ति, विचार, चिन्तन, सिप जस्ता पक्षलाई मानवतावादले समेटेको हुन्छ (द इन्साइक्लोपिडिया अफ फिलोसफी, सन् १९६७, पृ.६९- ७०) । मानिसमा रहेका विभिन्न अपूर्णतालाई पूर्ण गरी उसको स्वतन्त्रताको रक्षा गर्नु नै मानवतावादी दृष्टिकोण हो । मानवतावादमा विश्वास गर्ने, मानवतावादको अनुयायी र मानवतावादलाई महत्त्व दिने भावना नै मानवतावादी चिन्तन हो (पौड्याल, सन् २०२३, पृ. ५५) । कुनै अदृश्य अलौकिक शक्तिको उपासनाबाट प्राप्त हुने आनन्दभन्दा मानिसको सेवाबाट प्राप्त हुने आनन्द विशेष हुने बताउँदै मानवसेवामा समर्पित हुनुपर्ने धारणा मानवतावादमा प्रकट भएको हुन्छ । यसले धर्म वा ईश्वरको अलौकिक अस्तित्वलाई भन्दा मानवीय आत्माको चीत्कारलाई प्राथमिकतामा राखी मानवसेवामा समर्पित हुनुपर्ने विचार प्रकट गर्छ (सिंह, सन् १९९४, पृ. ३६५) । मानवतावादले मानिसलाई केन्द्रमा राखी उसका हक र अधिकार स्थापना हुनुपर्ने विषय अगाडि बढाउँछ । सबै मानिसमा समानता, स्वतन्त्रता र भ्रतृत्वको भाव विकास गरी आजको मानवसमाजमा देखिएका विकृति र विसङ्गतिका विरुद्धमा आवाज उठाउने काम मानवतावादले गरेको हुन्छ ।

आजको मानिसमा दिनानुदिन मानवतावादी धारणा हराउँदै गएका कारण नै विश्वमा मानव विरुद्धका गतिविधि मौलाइरहेका छन् । मान्छेमा रहेका दया, प्रेम, सहिष्णुता, सहयोग, सद्भावना आदि मानवीय गुणले मानवतालाई बुझाएका हुन्छन् भने मानवमा रहने सद्गुणले मानव समाजलाई प्रतिष्ठित बनाउन जोड दिएको हुन्छ । मानिस जातिमा पाइने विचार, दया, प्रेम, सहिष्णुता, सद्भावना, सहयोग, भ्रातृत्व आदिबाट नै मानवतावाद बुझिएको हुन्छ (अधिकारी र भट्टराई, २०६३, पृ. ७९८) । आज मानिसहरू जातजाति, भाषा, धर्म, संस्कृति तथा क्षेत्रीयताका आधारमा विभाजित छन् र एउटा मानिस अर्काको अस्तित्व समाप्त पार्नका लागि तत्पर भइरहेका छन् । विश्वमा दिनानुदिन मानवता विरोधी गतिविधि देखिँदै छन् । मानिसले मानिसको घाउमा मलमपट्टी लगाउनुको साटो मानिसकै विनाशको बाटो रोजिरहेको छ । मानिसप्रतिको आस्था र विश्वास नै

कमजोर बनिरहेको परिस्थितिमा मानवतामा आधारित समाजको निर्माणबाट पृथ्वीलाई स्वर्ग र मानवलाई देवताका रूपमा स्थापित गर्न सकिन्छ भन्ने अभीष्टका साथमा मानवसेवामा समर्पित सामाजिक संरचनाको निर्माणका लागि मानवतावाद आवश्यक छ (नागौरी, सन् १९८५, पृ.१४) । मानिसको मानिसप्रतिको विखण्डित विश्वास स्थापना गर्नु र एउटा मानिसले अर्को मानिसलाई सम्मान गर्ने वातावरण सिर्जना गर्नु नै मानवतावादको मुख्य कार्य हो । मानवतावादले मानिसका क्षमता र योग्यता मानिसकै हकहितका लागि उपयोग हुनुपर्छ भन्ने धारणा राख्छ । मानिसलाई स्वार्थी हुनबाट बचाउनु तथा उसमा नैतिकता, सकारात्मक चिन्तन, सद्भाव तथा भ्रातृतवको विकास गराउँदै परोकारमा लगाउनु नै मानवतावादको मूल लक्ष्य रहेको हुन्छ (न्यौपाने, २०६४, पृ.३९) । मानवताकै कारण मानिस अरू प्राणीभन्दा फरक र विशिष्ट बनेको हुन्छ । मानवतावादले मानिसलाई कर्मवादी र सकारात्मक हुनका लागि प्रेरणा मात्र दिँदैन यसले त मानिसमा रहेको निराशालाई समाप्त पारी आशा जगाउने काम पनि गरेको हुन्छ (पाठक, सन् २००४, पृ.४) । मानवतावादले नै मानिसलाई साँचो अर्थमा मानिसको जीवन बाँच्न सिकाउँछ । मानिसभित्रको देवत्व जगाउँछ र मानिसलाई परसेवामा समर्पित हुने इच्छाशक्तिको विकास गरिदिन्छ ।

मानवताकै कारण मानिस मानिसका बिचमा भ्रातृत्वको विकास भएको हुन्छ । मानवताले जात, धर्म, वर्ग, क्षेत्र आदिका आधारमा गरिने मानिसको विभाजनलाई स्वीकार गर्दैन । एउटा मानिसले मानिस हुनाका कारणले पाउने अधिकारको रक्षाका लागि आवाज उठाउँछ । हाम्रो समाजमा युगौँयुगदेखि जरो गाडेर बसेका असमानता, भेदभाव, कुरीति, अन्धविश्वासलाई परित्याग गरी सर्वशक्तिमान् मानव जातिको हितमा समर्पित हुनका लागि सबै मानिसलाई आह्वान गर्छ । मानिसमा रहेका सङ्कीर्णतालाई समाप्त पारी सबै मानिसका पक्षमा लाग्नुपर्ने सन्देश पनि मानवतावादले दिएको हुन्छ ।

प्रस्तुत लेखमा मानव शरीरलाई मन्दिर, मानिसको मनमा देवताको निवास हुने विचार, मानव र प्रकृतिको सम्बन्ध, मानवसेवाको भावना जस्ता मानवतावादी चिन्तनले कवितालाई मानवतावादी बनाएका छन् भन्दै यिनै पक्षका आधारमा मानवतावादको व्याख्या गर्ने कार्य गरिएको छ ।

## परिणाम तथा छलफल

*शारदा* (१९९१) पत्रिकामा प्रथम पटक प्रकाशित भएको तथा *भिखारी* कवितासङग्रह (२०१०) मा सङ्कलित भएको 'यात्री' मानवतावादी विचार प्रस्तुत गरिएको लक्ष्मीप्रसाद देवकोटाको उत्कृष्ट कविता हो । शिवरात्रिताका कुनै एक शोषक पुँजीपति मानिसको काँधमा चढेर पशुपतितिर जाँदै

गरेको देखेर मानिसमा हराउँदै गएको मानवतालाई लक्षित गर्दै यस कविताको रचना गरिएको कुरा देवकोटा स्वयम्ले उल्लेख गरेका छन् (जोशी, २०४८, पृ. ४३१) । मानिसले मानिसलाई सम्मान गर्न नसकेको बरु सम्पन्न परिवारका मानिसले विपन्न परिवारका मानिसलाई पशुको सट्टामा काममा लगाउँदै  आएको विषय कवितामा प्रकट भएको छ ।

## यात्री कवितामा मानवतावाद

'यात्री' कवितामा मानवतावादलाई मुख्य विचारका रूपमा प्रस्तुत गरिएको छ । मानिसले मानिसलाई मानिसकै व्यवहार गर्नुपर्छ भन्ने जगमा मावतावाद उभिएको छ । धर्तीका सबै मानिसलाई हेर्ने दृष्टिकोण एकै प्रकारको हुनुपर्छ भन्ने अवधारणालाई मानवतावादले मानवतावादले अगाडि सारेको हुन्छ । यस लेखमा 'यात्री' कवितामा अभिव्यक्त मानवतावादलाई स्पष्ट पार्नका लागि मानव शरीरलाई मन्दिर, मानिसको मनमा देवताको निवास हुने विचार, मानिस र प्रकृतिको सम्बन्ध अनि मानवसेवाको भावनालाई आधार बनाइएको छ ।

## मानव शरीरलाई मन्दिर

'यात्री' कविता मानवतावादी विचार व्यक्त भएको छ । यस कवितामा संसारका सबै मानिस मानवको सेवामा लाग्नुपर्ने विचार व्यक्त गरिएको छ । यस कविताको सुरुमा नै कुनै मानिसको काँधमा चढेर मन्दिर दर्शनका लागि हिँडेका यात्रीलाई प्रश्न गर्दै तिमी कुन मन्दिरको यात्राका लागि निस्किएका हौ भनी प्रश्न गरिएको छ । मन्दिरको यात्रामा निस्किएका यात्रीलाई देवताको पूजाका लागि कुन सामग्री ल्याएका छौ भन्दै मन्दिरमा विभिन्न फूल र प्रसादका साथमा पुगेर पूजा आराधना गर्ने प्रवृत्तिप्रति कसिलो व्यङ्ग्य प्रहार गर्दै मानिसको काँधमा चढेर देवपुरीको यात्रा हुन नसक्ने विषय स्पष्ट पारिएको छ । मानिसको शरीर आफैँमा पवित्र मन्दिर भएकाले मानिसले मानिसको सेवा गर्नुपर्ने विचार यस कवितामा यसरी अभिव्यक्त भएको छ :

> कुन मन्दिरमा जान्छौ यात्री, कुन मन्दिरमा जाने हो ?
>
> कुन सामग्री पूजा गर्ने, साथ कसोरी लाने हो ?
>
> मानिसहरूको काँध चढी, कुन देवपुरीमा जाने हो ? (यात्री, प. १ –३)

माथिको कवितांशमा मन्दिर जाने, पूजासामग्री लाने, मानिसको काँधमा चढेर देवपुरीसम्मको यात्रा गर्न लागेको व्यक्तिलाई प्रश्न सोधिएको छ । मानिसको काँध चढेर देवपुरीको यात्रा गरिरहेको मानिसले मानिसको महत्त्व बुझ्न नसकेको विषय माथिको कवितांशमा स्पष्ट पारिएको छ । मानिस अरू कसैको काँधमा चढेर देवपुरीको यात्रामा निस्कनै पर्दैन बरु मानिसको सेवामा नै समर्पित भयो

भने उसले पुण्य प्राप्त गर्न सक्छ भन्ने कुरा माथिको कवितांशमा प्रकट भएको छ । मानवको सबैभन्दा ठुलो धर्म मानवसेवा हो । हाम्रो समाजका गरिब मानिसलाई अरू कसैको सहयोगको अपेक्षा रहेको हुन्छ, त्यस्ता मानिसलाई सहयोग गर्नुको साटो उल्टै पशुलाई जस्तो व्यवहार गर्न खोज्ने मानवीय प्रवृत्ति राम्रो होइन । मानिसले मानिसलाई नै पशुको जस्तो व्यवहार प्रदर्शन गर्ने कार्यप्रति विमति जनाउँदै मानवसेवाबाट नै ईश्वर खुसी हुन्छन् र त्यस्तो ईश्वरको प्राप्ति मन्दिरमा होइन मानवसेवाबाट प्राप्त हुन्छ भन्ने मानवतावादी चिन्तन माथिको कवितांशमा अभिव्यक्त भएको छ । मानिस देवताको खोजीका लागि कुनै मन्दिर मन्दिर धाउनुपर्दैन भन्ने कुरालाई स्पष्ट पार्दै कवितामा मानिसको शरीरलाई नै मन्दिरका रूपमा यसरी चिनाइएको छ :

> हाडहरूका सुन्दर खम्बा, मांस पिण्डका दिवार
> मस्तिष्कको यो सुनको छाना, इन्द्रियहरूका द्वार
> नसा नदीका तरल तरङ्ग, मन्दिर आफू अपार
> कुन मन्दिरमा जान्छौ यात्री, कुन मन्दिरको द्वार ? (यात्री, प. ४–७)

माथिको कवितांशमा मानव शरीरलाई हाडहरूको खम्बा, मांशपिण्डको पर्खाल, सुनको छानो मस्तिष्क, मानिसको शरीरमा रहेका इन्द्रियहरू द्वार, नसा नदी जस्तै बग्ने पवित्र स्थल भएको पवित्र मन्दिरका रूपमा चिनाइएको छ । यहाँ मानिस आफैँमा मन्दिर हो भन्ने आशय माथिको कवितांश प्रकट भएको छ । मानिस मन्दिरको खोजीका लागि कतै टाढा जानु नै पर्दैन किनभने प्रत्येक मानिसको शरीर नै मन्दिर हो भन्दै मन्दिरमा गएर देवतासँग साक्षत्कार हुनै सक्दैन बरु प्रत्येक मानिसको शरीरलाई मन्दिरलाई जत्तिकै सम्मान गर्ने हो भने समाजमा सद्भावको विकास हुन्छ र यसैको बलियो जगमा मानवता उभिन सक्छ भन्ने मानवतावादी चिन्तन अभिव्यक्त भएको छ । यहाँ मानिसको शरीरलाई नै मन्दिर स्वीकार गर्न सकियो भने देवत्व वा धर्म प्राप्त गर्नका लागि कुनै मन्दिरको द्वारमा धाउनुपर्दैन भन्ने मानवकेन्द्री विचार प्रकट भएको छ । यस कवितामा मानिसको शरीर नै सबैभन्दा पवित्र मन्दिर हो र यसैको सेवा नै सच्चा पूजा हो भन्दै मानवमूल्य खोज्ने कार्य गरिएको छ ।

## मानिसको मनमा देवताको निवास हुने विचार

'यात्री' कवितामा मानिसको शरीरलाई मन्दिरका रूपमा चिनाइएको छ भने मानिसको आत्मामा नै देवताको निवास हुने कुरा उल्लेख गर्दै मनलाई देवताका रूपमा स्थापित गरिएको छ । मानिसका सबैजसो शुभकार्यको प्रारम्भ मनबाट नै हुने भएकाले त्यसलाई देवत्वकरण गरिएको छ । कवितामा

शरीर मन्दिर तथा मानिसको मन वा आत्मालाई देवता बनाइएकाले मानवतावादी चिन्तनका दृष्टिले यो कविता निकै उत्कृष्ट रहेको छ । मानिसले निर्माण गरेका मन्दिरमा होइन कि मानिसकै पवित्र आत्मामा बसेका हुन्छन् भन्ने विचार यस कवितामा आएको छ । यस कवितामा मानिसको मनमा देवताको राज हुने विषयलाई तलका कविांशमा स्पष्ट पारिएको छ :

मनको सुन्दर सिंहासनमा, जगदीश्वरको राज
चेतनको यो ज्योति हिरण्मय, उसको शिरको ताज
शरीरको यो सुन्दर मन्दिर, विश्वक्षेत्रको माझ । (यात्री, प. ८–१०)

माथिको कवितांशमा मानिसको सुन्दर मनमा नै ईश्वरको निवास रहन्छ भन्दै जगत्का परिचालक ईश्वर बाहिर कुनै मठमन्दिरमा नभई मानिसको सर्वोच्च निकायका रूपमा रहेको मनमा विराजमान हुन्छन् भन्ने कुरा अभिव्यक्त भएको छ । मानिसलाई सञ्चालन गर्ने मुख्य निकाय भनेकै मानिसको मन हो र मानिसको चिनारी पनि त्यही मनका आधारमा हुन्छ । जसको मनमा ईश्वरको निवास हुन्छ त्यसको मन निकै पवित्र हुने गर्छ अनि पवित्र मनमा नै सहयोगी भावना लुकेको हुन्छ भन्दै मानवमा ईश्वरीय सामर्थ्य पाइने मानवतावादको उद्घोष मात्र यस कवितामा गरिएको छैन बरु आफू र आफ्नो मनको पहिचान गरी मानवतावादी विचार प्रसार गर्ने सन्देश पनि दिइएको छ । मानिसलाई कुनै दैवी शक्तिले शक्तिशाली बनाउँदैन भन्दै यस कवितामा उसलाई शक्तिशाली बनाउने भनेकै उसको अन्तरआत्मामा रहेको मानवतावादी विचारले हो भन्ने कुरा स्थापित गरिएको छ । मानिसमा रहेको मानवतालाई स्पष्ट पार्दै ईश्वर मानिसभित्रको सद्भाव र सहयोगी भावनामा रहेको रहेको हुन्छ तर मानिस भने बाहिर दृश्य जगत्मा ईश्वरको खोजी गरिरहेका हुन्छन् भन्ने कुरालाई तलका कवितांशबाट स्पष्ट पारिएको छ :

भित्र छ ईश्वर बाहिर आँखा, खोजी हिँड्छौ कुन पुर ?
ईश्वर बस्तछ गहिराइमा, सतह बहन्छौ कति दूर ?
खोजी गर्छौ ? हृदय लगाऊ, बत्ती बाली तेज प्रचुर । (यात्री, प. ११–१३)

माथिको कवितांशमा ईश्वरीय सत्ता भनेकै मानव मन हो भन्ने कुरालाई स्पष्ट पार्दै आफैँभित्रको ईश्वर पहिचान नगरी मानिस बाहिरी जगत्मा ईश्वर खोजिरहेको मानिसलाई अन्तर्निरीक्षणका लागि आग्रह गरिएको छ । मानव देवतालाई बाहिरी विभिन्न मठमन्दिरका ढोकामा खोज्दै हिँड्छ तर वास्तवमा उसले आफूभित्रै रहेको मानवतारूपी देवत्वको पहिचान गर्न सकेको छैन भन्ने कुरालाई कवितांशमा स्पष्ट पारिएको छ । ईश्वर मानिसको मनको गहिराइमा हुन्छ र त्यसको मापन

मानिसमा रहेको मानवतावादी धारणाका आधारमा गर्न सकिन्छ भन्ने कुरालाई कवितामा जोडका साथ उठाइएको छ । ईश्वर न कुनै सहरमा छ न त कुनै देवालयमा नै छ बरु ईश्वर त मानिसमा रहेको सेवाभावमा छ अनि मनको गहिराइमा छ भन्दै मानव मनमा रहेको ईश्वरको पहिचानका लागि मानवलाई आग्रह गरिएको छ । बाहिरी उज्यालाले देवताको खोजी सम्भव छैन । यसका लागि मानिसको मनको बत्ती बलेको हुनुपर्छ र अन्तरात्माबाट प्रकाशित मानवसेवाको भावमा नै देवत्व रहन्छ भन्दै बाहिरी कुरामा नभई आफ्नै आत्मामा ईश्वरको खोजी गर्नुपर्ने विचार यस कवितामा पोखिएको छ । सतही र स्वार्थी विचारले होइन सेवायुक्त मानवतावादी विचारले नै मानिसको मानवता मापन गर्छ । त्यही मानिसमा रहेको मानवता नै देवताका रूपमा प्रकट भएको हुन्छ भन्ने कुरालाई यस कवितामा विशेष महत्त्वका साथ स्थापित गरिएको छ । बरु देवता र दानव अरू कोही नभएर मानवमा नै रहने प्रवृत्तिगत विशेषता हो भन्ने कुरा पनि यस कवितामा अभिव्यक्त भएको छ । दीनदु:खी, गरिब, असहाय व्यक्तिहरूलाई सहयोग गर्ने मानवतावादी विचारमा नै ईश्वरको सत्ता रहेको हुन्छ भन्ने कुरालाई तलको कवितांशबाट स्पष्ट पारिएको छ :

> साथी यात्री ! बिच सडकमा, ईश्वर हिँड्दछ साथ
> चुम्दछ ईश्वर काम सुनौला, गरिरहेको हात
> छुन्छ तिलस्मी करले उसले, सेवकहरूको माथ । (यात्री, प. १४ –१६)

माथिको कवितांशमा परिश्रमी मानिसको कर्मशील यात्रालाई ईश्वरले सधैँ समर्थन गर्ने र कर्ममा नै ईश्वरको प्राप्ति छ भन्ने मानवतावादी विचार मुख्य रूपमा प्रकट भएको छ । ईश्वर सधैँ मानिसकै साथमा नै रहन्छ र मानिसलाई सकारात्मक बाटामा लैजाने काम पनि मानवतारूपी ईश्वरले नै गरेको हुन्छ । मानिसको कर्मशील जीवनमा ईश्वरको निवास हुन्छ र सकारात्मक सोचाइका साथ निरन्तर काममा खटिएका मानिसप्रति रहने सकारात्मक भाव नै मानवतावाद हो अनि सच्चा अर्थमा त्यही नै देवत्वको प्राप्ति पनि हो भन्ने कुरा यस कवितामा आएको छ । सिर्जनशील भई आफ्नो जीवन बिताउने र अरूलाई पनि सकारात्मक कामका लागि उत्प्रेरित गर्ने सोचाइमा नै मानवतारूपी देवत्व रहेको हुन्छ भन्ने कुरा यस कवितामा अभिव्यक्त भएको छ । यही आधारमा हेर्दा मानिसभित्र रहने सकारात्मक र मानवतावादी विचार नै ईश्वरीय गुण हो भन्दै कर्मशील जीवनबाट नै ईश्वरको प्राप्ति हुने आशय यस कवितामा मानवतावादी चिन्तनका रूपमा प्रकट भएको छ ।

## मानव र प्रकृतिको सम्बन्ध

'यात्री' मानिसको सर्वाधिकार खोजी गर्दै रचना गरिएको कविता हो । यस कवितामा मानिसभित्र मानवताका रूपमा लुकेर बसेको ईश्वरको खोजी गरिएको छ । यस कवितामा ईश्वरको निवास कुनै बाहिरी स्थलमा हुँदैन भन्दै मानिसको आत्मामा नै ईश्वरको निवास हुने कुरा अभिव्यक्त भएको छ । यस कवितामा प्राकृतिक मानव जीवनको समर्थन गरिएको छ । सडकको किनारामा सुनिने चराको प्राकृतिक बोलीमा ईश्वरीय सत्ता रहने भन्दै कविले मानिसको जीवन पनि प्राकृतिक हुन सक्यो भने त्यसमा थप सौन्दर्य पाइने कुरा मात्र उल्लेख गरेका छैनन् बरु दुःखीदरिद्रीको सेवाबाट नै ईश्वर प्रसन्न हुने धारणा पनि राखेका छन् । ईश्वरको दर्शन चर्मचक्षुबाट गर्न सकिँदैन बरु आर्तमा छटपटाइरहेका मानिसको सेवाभावबाट गर्न सकिन्छ भन्ने कुरालाई तलको कवितांशका माध्यमबाट स्पष्ट पारिएको छ :

सडक किनारा गाउँछ ईश्वर, चराहरूको तानामा
बोल्दछ ईश्वर मानिसहरूको पीडा, दुःखको गानामा
दर्शन किन्तु कहीँ दिँदैन, चर्मचक्षुले कानामा
कुन मन्दिरमा जान्छौ यात्री, कुन नव देश बिरानामा ? (यात्री, प. १७ –२०)

माथिको कवितांशमा मानिसका स्वाभाविक तथा स्वार्थरहित क्रियाकलाप नै मानवताका परिचायक रूपमा लिइएको छ । यस कवितामा सहज स्वाभाविक तथा स्वच्छन्द जीवनशैलीप्रति झुकाव देखाइएको छ । यस कवितामा सबै मानिसमा मानवतावादी विचार अङ्कुरण भएको देख्न चाहने मानवतावादी अवधारणा आएको छ । यस कवितामा कुनै एक मानिसले अर्को मानिसको पीडा बुझेर सहयोग गरोस् भन्ने मूल विचार प्रकट भएको छ । यस कवितामा ईश्वरको भौतिक उपस्थिति हुँदैन तर दुःखीको सेवामा ईश्वरको उपस्थिति रहेको हुन्छ भन्ने कुरा विशेष जोडका साथ उठाइएको छ । यस कवितामा मानवतारूपी ईश्वरीय सत्ता हाम्रा छालाका आँखाले नभई मानवताका आँखाले मात्र देख्न सक्ने विषय भएकाले सेवा, सहयोग, आदर, सद्भाव, सौहार्द सम्बन्धमा नै ईश्वर मानवताको स्वरूपमा प्रकट भएको हुन्छ भन्दै मानवतावादी चिन्तनलाई ईश्वरीय सत्ताका रूपमा स्थापित गरिएको छ ।

## मानवसेवाको भावना

'यात्री' कवितामा मानिसको सेवालाई नै सबैभन्दा ठुलो धर्मका रूपमा हेरिएको छ भने सेवाको भावनाबाट प्रेरित भई सबै मानिसप्रति सम भाव राख्ने व्यक्तिमा नै देवताको निवास हुने कुरा उल्लेख गरिएको छ । यस कवितामा हाम्रो समाजमा एक पेट मात्र पनि मिठो मसिनोको

अनुभूति गर्न नपाएका मानिसको सेवाबाट नै सच्चा ईश्वर प्राप्त हुने कुरा उल्लेख गरिएको छ । कुनै भौतिक स्थलमा गरिने पूजापाठका तुलनामा मानवसेवा नै पवित्र पूजा बन्न सक्छ भन्ने आशय कवितामा अभिव्यक्त भएको  छ । यस कवितामा पीडामा परेका व्यक्तिको सहयोगमा नै देवत्व रहने विषयलाई तलको कवितांशबाट स्पष्ट पारिएको छ :

फर्क फर्क हे ! जाऊ समाऊ, मानिसहरूको पाउ

मलम लगाऊ आर्तहरूको, चहराइरहेको घाउ

मानिसहरू भई ईश्वरको यो दिव्य मुहार हँसाऊ । (यात्री, प. २१ –२३)

माथिको कवितांशमा मानिसको काँधमा चढेर कुनै देवपुरीमा पुगी आफ्ना सम्पूर्ण अभीष्ट पूरा गर्न लालायित मानवलाई दृष्टान्तका रूपमा प्रस्तुत गर्दै समग्र मानव जगत्मा मानवतावादी विचार जगाउने काम गरिएको छ । यस कवितामा कुनै देवालयमा देवता नपाइने बरु मानवको सेवामा देवता प्रसन्न हुने धारणा प्रकट भएको छ । यस कवितामा मानिसको सेवा नै मानवको धर्म हो र धर्म गर्ने चाहना भएको मनमा नै ईश्वरको वास हुन्छ भन्ने कुरा प्रस्तुत गरिएको छ । दुःखीको सेवा, पीडितलाई सहयोग, समस्यामा परेका मानिसको समस्या समाधानबाट नै वास्तविक देवतात्व प्राप्त हुने कुरा उल्लेख गर्दै देवता मानिसभन्दा बाहिर होइन कि मानिसभित्रै हुने मानवतावादी विचारको प्रकटीकरण भएको विषय यस कवितामा स्पष्ट पारिएको छ ।

'यात्री' कवितामा कुनै देवता बस्ने स्थलमा जाँदा ईश्वर प्राप्त हुन्छ भन्ने अन्धविश्वासी परम्पराको विरोध गरी मानिसको सेवाबाट नै ईश्वर प्राप्त गर्न सकिने विषय मूल विचारका रूपमा प्रकट भएको छ । देवतारूपी दिव्यतत्त्वको बास शरीररूपी मन्दिरको मनरूपी सिंहासनमा हुने कुरा यस कवितामा प्रस्तुत आएको छ । यस कवितामा दीनदुःखीप्रतिको सहानुभूति, मानवसेवाको भावना तथा मानवतावादी जीवनदृष्टि अभिव्यक्त भएको पाइन्छ (जोशी, २०५७, पृ. ३९) । मानवप्रति समभाव व्यक्त गर्ने यस कविताले सबैलाई सम्मान गर्नुपर्ने र त्यसमा पनि गरिब दुःखीको सेवामा समर्पित हुनुपर्ने धारणा प्रस्तुत गरेको छ । धर्मको प्रतिच्छाया मानिसको मानवतामा प्रतिविम्बित हुने भएकाले मानिसको सेवामा लाग्नुपर्ने विषय यस कवितामा निकै बलियो बनेर प्रकट भएको छ । कर्मवादी आवधारणा, सेवाको भाव, मानवताको पुकारलाई सबै मानिसमा पुऱ्याएर मानवताले भरिएको मानवतावादी संसारको निर्माण गर्ने कविको विश्वदृष्टि यस कविताको मूल प्रतिपाद्य विषय बनेर अभिव्यञ्जित भएको छ । मानिसको शरीर नै मन्दिर भएको र त्यही मन्दिररूपी मनमा ईश्वरको बास हुने भएकाले एक सजीव सुनौलो मूर्ति स्वयम् मानिसभित्र लुकेको अदृश्य ईश्वर (मानवतावादी चेत) लाई जगाएर मानव जगत्को कल्याण गर्न चाहने उच्च मानवतावादी विचार यस कवितामा

आएको छ । देवकोटाका कवितामा प्रचलित परम्पराका ठाउँमा नयाँ आध्यात्मिक र मानवतावादी भावना स्पापित गर्ने चाहना प्रकट भएको पाइन्छ (ठाकुर, २०७६ कात्तिक ९, शनिवार ) । त्यसैले मानिसलाई चिन्न सक्नुपर्छ अनि मात्र ईश्वर प्राप्त हुन सक्छ भन्दै सच्चा मानवीय धर्मको प्राप्ति सेवा मार्गबाट हुने भएकाले ईश्वरलाई पाउने मार्ग भनेको धार्मिक स्थलको गमन नभई मानवसेवा नै हो भन्ने भाव यस कवितामा मूल प्रतिपद्य विषय बनेर प्रकट भएको छ ।

'यात्री' कवितामा मूलतः ईश्वर प्राप्तिका लागि कुनै मठमन्दिरमा धाउने मानिसका क्रियाकलापप्रति असहमति प्रकट गर्दै मानव मनमा रहेको मानवतावादी प्रवृत्तिलाई नै देवताका रूपमा स्थापित गरिएको छ । यस कवितामा मानिसको मन नै सुन्दर मन्दिर हो र त्यही मनमा रहने मनवतासम्बन्धी चेत नै देवता वा ईश्वर हो भन्ने उच्च मानवतावादी विचार प्रकट भएको छ । सत्कर्ममा रमाउने मानिसका साथमा ईश्वर रहेको हुन्छ र त्यो ईश्वरीय चेतना मानवतावादको स्वरूपमा अभिव्यक्त भएको हुन्छ भन्ने कुरा कविताको मूलभावका रूपमा आएको छ । समाजमा व्याप्त धार्मिक रुढिवाद एवम् अन्धपरम्पराप्रति विद्रोह तथा समाज सुधारको चाहना राखी लेखिएको 'यात्री' कविता मूलतः मानवतावादी कविता हो (जोशी, २०४८, पृ. १०६) । दुःखीगरिबको भेषमा ईश्वर बोलिरहेको हुन्छ र तिनको सेवाबाट नै ईश्वरको सच्चा पूजाआराधना हुन्छ भन्दै मानिसले मानिसका पीडामा मलम लगाउन सक्नुपर्छ भन्ने कुरालाई यस कवितामा विशेष जोड दिइएको छ । ईश्वरको भौतिक सत्ता नहुने भएकाले भौतिक स्थानमा धाउनु पनि व्यर्थ छ भन्दै मासु, हाड, छाला आदिबाट बनेको मानव शरीर नै मन्दिर हो र त्यही मानवको आर्तपुकार सुन्न सक्नु र त्यसलाई सक्दो सहयोग गर्नुमा नै देवत्वको प्राप्ति छ भन्ने कुरा कवितामा देखाइएको छ ।

## निष्कर्ष

'यात्री' कवितामा परम्परित अन्धविश्वासी मान्यताबाट डोरिएको यात्री कुनै भौतिक स्थालमा देवता हुन्छ भन्ने सोचाइबाट प्रेरित भई मानिसको काँधमा चढेर त्यही देवस्थलतर्फ जाँदै गरेको प्रसङ्गलाई माध्यम बनाएर मानवतावादी विचार पोखिएको छ । यस कवितामा हाम्रै समाजका विभिन्न दृष्टान्तका माध्यमबाट ईश्वरीय सत्ता भौतिकतामा होइन मानसिकतामा हुन्छ र त्यो मानवतावादका रूपमा प्रकट भएको हुन्छ भन्ने कुरालाई स्पष्ट पारिएको छ । हाम्रा आँखाले देख्ने देवताका स्वरूप सबै भ्रमका खेती मात्र हुन्, वास्तविक देवता त मानिसको मनमन्दिरमा विराजमान हुन्छन् र सहयोगी हातका रूपमा मानव समुदायमा प्रकट हुने गर्छन् भन्ने मानवताको जगमा यो कविता उभिएको छ । हाम्रा चर्मचक्षुले कहिल्यै पनि ईश्वरलाई साक्षात् गराउन सक्दैनन् भन्दै बाहिरी आँखाका माध्यमबाट ईश्वर कहिल्यै दृष्टिगोचर हुँदैन र ईश्वर त मानिसको सहयोगी

भावनाबाट प्रकट भएको हुन्छ अनि मानिसको उदार र पवित्र भावनाबाट देखिएको हुन्छ भन्दै यी सबै ईश्वरीय स्वरूपको प्राप्ति त केवल मानवतावादी चिन्तनबाट मात्र सम्भव छ भन्ने कुरालाई यस कवितामा राम्रोसँग स्थापित गरिएको छ । कर्मलाई अवलम्बन गरी सेवाको मार्ग अपनाएर मानव जातिको सेवामा समर्पित हुनुबाट नै ईश्वरत्व प्राप्त हुन सक्ने धारणा यस कवितामा पोखिएको छ । त्यसैले मानवीय सत्कर्म नै ईश्वर पूजा हो र ईश्वरको मुहार हँसाउनका लागि सेवारूपी मार्गबाट चल्नुपर्ने विचार यस कवितामा आएको छ । देवकोटाको स्वच्छन्दतावादी भावसौन्दर्यका रूपमा रहेको प्रकृतिको पूजनबाट पनि ईश्वर प्रसन्न हुन सक्ने विषय यस कविता आएको छ । चराहरूको गीतमा अनि दरिद्रीहरूको आर्तपुकारमा ईश्वर बोल्ने, ईश्वर मानिसको मनमा बसेर उसैसँग सडक, गल्ली, डाँडा, पाखा, पखेरा आदिमा घुम्ने जस्ता स्वच्छन्दतावादी विचार यस कवितामा आएका छन् । यस कवितामा जब मानवसेवालाई ईश्वरले साक्षात् गर्छ तब मात्र उसले आफ्नो प्रसन्न रूप देखाउँछ भन्दै मानवता र ईश्वरलाई एउटै स्वरूपमा उभ्याइएको छ । दुःखी दरिद्रीको चीत्कार सुन्नु ईश्वरको आवाज सुन्नु हो भन्दै दुःखी दरिद्रीको पीडारूपी चहराइरहेको घाउमा सेवारूपी मलम सिञ्चन गरेको देखेर ईश्वरले आफ्नो हँसिलो मुहार देखाउने आशय यस कवितामा व्यक्त गरिएको छ । तिनै गरिब दुःखीको हँसाइ नै ईश्वरको हँसाइ हो भन्ने विषय यस कवितामा आएको छ । मानवतावादी सन्देश दिने, सेवा भावलाई धर्मको मूल जरो मान्ने, सामाजिक सुधारको चाहना बोक्ने, आधुनिकताको सन्देश प्रवाहित गर्ने र अन्धविश्वासी परम्पराबाट मानिसलाई अग्रगति दिन चाहने प्रस्तुत कविताले मूलतः मानवतावादी अवधारणालाई मुखर गरेको छ । यस कवितामा मानव शरीरलाई मन्दिर, मानिसको मनमा देवताको निवास हुने विचार, मानव र प्रकृतिको सम्बन्ध अनि मानवसेवाको भावना जस्ता मानवतावादी विचार प्रकट भएका छन् । यस कवितामा मानवलाई उच्च मूल्य प्रदान गर्दै देवतत्व शक्ति भनेकै मानवभित्रको मानवतावादी चिन्तन हो र यसैको प्रकटीकरणबाट नै मानिसमा सेवाभाव जाग्छ भन्ने मानवतावादी अवधारणा प्रस्तुत भएको छ । यस कविताले मानवभित्र रहेको देवत्वलाई जगाई मानवसमाजलाई सबै दुःखीदरिद्रीको सेवामा समर्पित हुने बाटामा लगाउने कार्य गरेको छ । मानवसमाजमा मानवमूल्य स्थापित गर्ने 'यात्री' कवितामा अभिव्यञ्जित मानवतावादी चिन्तनलाई प्रसार गर्दै आम मानिसलाई मावनसेवामा समर्पित हुनुपर्छ भन्ने विचार बोध गराउनु नै यस लेखको मूल प्राप्ति रहेको छ ।

## सन्दर्भ सामग्री

अधिकारी हेमाङ्गराज र बदरीविशाल भट्टराई (२०६३). *प्रयोगात्मक नेपाली शब्दकोश.* दोस्रो संस्क. विद्यार्थी पुस्तक भण्डार ।

आप्टे, वामन शिवराम. (सन्. १९६९). *संस्कृत हिन्दी कोश* (दोस्रो संस्क.). मोतीलाल बनारसीदास पब्लिसर्स ।

ठाकुर, उषा (२०७६ कात्तिक ९). मानवतावादी कविद्वय देवकोटा र पन्त, https://beta.gorkhapatraonline.com/saturday/2019-10-26-3276.

जोशी, कुमारबहादुर (२०४८०). *देवकोटाका प्रमुख कविताकृतिको कालक्रमिक विवेचना.* प्राज्ञिक परिषद् सिद्धार्थ वनस्थली ।

जोशी, कुमारबहादुर (२०५७).*देवकोटाका कविता यात्राको विश्लेषण र मूल्याङ्कन.* साझा प्रकाशन ।

*द इन्साइक्लोपेडिया अफ फिलसफी.* (सन्. १९६७). द म्याकमिलन कम्पनी ।

देवकोटा, लक्ष्मीप्रसाद. (२०६०). *भिखारी.* (अठारौँ संस्क.). साझा प्रकाशन ।

नागौरी, एस.एल. (सन्. १९८५). *आधुनिक विश्वका इतिहास.* आर. बी.एस. पब्लिसर्स ।

न्यौपाने, नेत्रप्रसाद (२०६४). देवकोटाका काव्यकृतिमा मानवतावाद. अप्रकाशित विद्यावारिधि शोध प्रबन्ध, त्रिभुवन विश्वविद्यालय ।

पाठक, रंगनाथ (सन्. २००२). *मानव मूल्य और प्रसाद का गद्य साहित्य.* एस. भी. एस. प्रकाशन ।

पौड्याल, शालिकराम (सन् २०२३). विश्वबन्धु कवितामा मानवतावादी चिन्तन. *Pragyan*, *7*(1), 53–61. https://doi.org/10.3126/pragyan.v7i1.55155

लामिछाने, भीमप्रसाद (२०७४ आश्विन २३). मानवतावादी दार्शनिक. https://nagariknews.nagariknetwork.com/opinion.